नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००३०९ ४२००२८१

पत्र संख्याः- ०७५।७६

चलानी नं.:- २३४

मितिः२०७६।०३।२५

विषयः पदाधिकारीहरूको रिक्त पदको विवरण पठाउने सम्वन्धी पुनः ताकेता।

**श्री जिल्ला समन्वय समितिको कार्यालय,**
ताप्लेजुङ, इलाम, तेह्रथुम, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, झापा, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, दोलखा, काभ्रेपलाञ्चोक, रसुवा, ललितपुर, गोरखा, कास्की, पर्वत, बाग्लुङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, पाल्पा, रुकुम (पूर्वी भाग), दाङ, वर्दिया, डोल्पा, जुम्ला, हुम्ला, कालिकोट, दैलेख, वाजुरा, डडेल्धुरा र कैलाली।

निर्वाचन आयोग (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा) को पत्र यसैसाथ संलग्न छ। सो सम्वन्धमा यस अघि नै यस मन्त्रालयको च.नं.११, मिति २०७५।०४।१३ गतेको पत्रमार्फत जिल्ला समन्वय समितिको कार्यालयहरूलाई आ-आफ्नो जिल्लास्थित जिल्ला समन्वय समितिको प्रमुख/उपप्रमुख, गाउँपालिकाको अध्यक्ष/उपध्यक्ष तथा वडाअध्यक्ष एवम् नगरपालिकाको प्रमुख/उपप्रमुख तथा वडाअध्यक्षको विभिन्न कारणले रिक्त हुन पुगेका पदहरूमा निर्वाचनवाट पदपूर्ति गर्नुपर्ने प्रयोजनका लागि यस्ता रिक्त पदहरूसम्वन्धी विवरण ७ दिनभित्र यस मन्त्रालयमा उपलव्ध गराइ दिनुहुन भनी प्रथम पटक अनुरोध गरिएको र तत्पश्चात पनि पटक पटक ताकेता गरिए पनि हालसम्म माग बमोजिमको विवरण प्राप्त नभएको हुँदा पुनः ताकेता गर्नु नपर्ने गरी ३ दिनभित्र देहायको ढाँचामा विवरण पठाउनुहुन निर्णयानुसार अनुरोध छ ।

*विवरणको ढाँचा*

| सि.नं | गाउँ/नगरकार्यपालिका/ जिल्ला समन्वय समिति | रिक्त रहेको पद | वडा अध्यक्षको हकमा वडा नं | २०७४ मा निर्वाचित पदाधिकारीको नाम | रिक्त भएको मिति | रिक्त हुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

बोधार्थः-
**श्री निर्वाचन आयोग,**
मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा, कान्तिपथ काठमाण्डौं।
**श्री सूचना तथा प्रविधि शाखा,**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः पत्र यस मन्त्रालयको Website मा Upload गरी दिनुहुन अनुरोध छ ।

०७६।३।२५
( खेमराज जोशी)
शाखा अधिकृत

संमामिलाो २।।/


# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)


निर्वाचन आयोग नेपाल २०२२

प.सं. च.नं./Ref: २०७५/७६/नामावली/२.१/ ८५

मितिः २०७६/०३/१८

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २२८८१
मिति:- २०७६।१२।२२

सं.प्रा.म ६०४ २०७६।३।२४

श्री संघीय मामिला तथा समन्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषयः- रिक्त पदहरूको विवरण उपलब्ध गराइ दिने सम्बन्धमा ।

२०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनबाट स्थानीय तहमा निर्वाचित पदाधिकारीहरू मध्ये स्थानीय तह निर्वाचन ऐन २०७३ (नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संसोधन गर्ने ऐन २०७५ समेत) को दफा ३(२) बमोजिम जिल्ला समन्वय समितिको प्रमुख/उपप्रमुख, नगरपालिका प्रमुख/उपप्रमुख तथा वडाध्यक्ष एवं गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष तथा वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा बाँकी पदावधिको लागि निर्वाचन आयोगको परामर्श लिई नेपाल सरकारले तोकेको मितिमा त्यस्तो रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गरिने छ भन्ने व्यवस्था रहेको छ । तसर्थ यस्ता रिक्त पदको निर्वाचन आयोगले उपनिर्वाचन गर्ने तयारी गरिरहेको हुँदा उक्त पदाधिकारीको पद कुनै कारणवश हाल रिक्त रहेको तथा निर्वाचनको बेला उम्मेदवारी नै नपरी रिक्त रहेका पदहरूको समेत विवरण ७ दिन भित्र तपशील बमोजिमको ढाँचामा उपलब्ध गराई सहयोग गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

| जिल्ला | गा.पा./न.पा./ जि.स.स. | वडा नं | रिक्त रहेको पद | २०७४ मा निर्वाचित पदाधिकारीको नाम | रिक्त भएको मिति | रिक्त हुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

(सूर्य प्रसाद अर्याल)
उपसचिव

श्री संघीय मामिला शाखा,
३।२४

खोजी
नेतृत्वले तयार गरी पठाउने व्यवस्था गर्नु,
३।२४



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np